नेपाल धितोपत्र बोर्डबाट अनुमतिपत्र प्राप्त

# नेपाल स्टक एक्सचेन्ज लिमिटेड

(नेपाल सरकारको स्वामित्व भएको)

# Nepal Stock Exchange Limited

(An Undertaking of Government. of Nepal)

पत्र संख्या : ०७७/०७८
चलानी नं. :

धितोपत्र व्यापारी (स्टक डिलर) कार्य सञ्चालन सम्बन्धी कार्यबिधि, २०७७ लागू भएको सम्बन्धमा

## सूचना

उपर्यूक्त सम्बन्धमा यस नेपाल स्टक एक्सचेन्ज लिमिटेडको संलग्न बमोजिम "धितोपत्र व्यापारी (स्टक डिलर) कार्य सञ्चालन कार्यबिधि, २०७७" स्वीकृत गरी मिति २०७७/०५/०१ गते देखि लागू हुने व्यहोरा यस लिमिटेडको सञ्चालक समितिको निर्णयानुसार सबैको जानकारीको लागि अनुरोध छ ।

(सिद्धिनाथ मिश्र)
का.मु.बरिष्ठ अधिकृत
मिति: २०७७/०४/२६

पो. ब. नं. १५५०, यू.एन.आई शान्तिमार्ग, काठमाण्डौ, नेपाल ।
**P. O. Box 1550, Singhdarbar Plaza, Kathmandu, Nepal.**
**Tel.: 4250755, 4250756, 4250757, 4250758, 4250759, 4250734, 4250735 Fax: 4262538**
**email : stock@enet.com.np**
यस लि. को साविकको नाम : नेपाल धितोपत्र विनिमय बजार लि.

## धितोपत्र व्यापारी (स्टक डिलर) कार्य सञ्चालन सम्बन्धी कार्यविधि, २०७७

धितोपत्र कारोबार सञ्चालन विनियमावली, २०७५ को विनियम ३९(१)घ अनुरुप धितोपत्र व्ययापारी (स्टक डिलर) को कार्य सञ्चालनलाई सहज बनाउन नेपाल स्टक एक्सचेन्ज लिमिटेडको सञ्चालक समितिले देहाय बमोजिमको कार्यविधि बनाएको छ।

### परिच्छेद- १

### प्रारम्भिक

**१. संक्षिप्त नाम र प्रारम्भ :** (१) यस कार्यविधिको नाम "धितोपत्र व्यापारी (स्टक डिलर) कार्य सञ्चालन सम्बन्धी कार्यविधि, २०७७" रहेको छ।

(२) यो कार्यविधि नेपाल स्टक एक्सचेन्ज लिमिटेडले तोकेको मितिदेखि प्रारम्भ हुनेछ।

**२. परिभाषा :** विषय वा प्रसंगले अर्को अर्थ नलागेमा यस कार्यविधिमा,

(क) "अक्सन मार्केट" भन्नाले धितोपत्र कारोबार सञ्चालन विनियमावली, २०७५ पच्छेिद-६ को व्यवस्थालाई सम्झनुपर्छ।

(ख) "ऐन" भन्नाले धितोपत्र सम्बन्धी ऐन, २०६३ सम्झनुपर्छ।

(ग) "कारोबार सदस्य" भन्नाले धितोपत्र कारोबार सञ्चालन विनियमावली, २०७५ मा परिभाषित कारोबार सदस्यलाई सम्झनुपर्छ।

(घ) "ग्राहक" भन्नाले धितोपत्र कारोबारको लागि खरिद वा बिक्रीको आदेश दिने व्यक्ति वा संस्था तथा धितोपत्र कारोबारसंग सम्बन्धित राफसाफ तथा फर्छ्यौट गर्न निर्देशन दिने व्यक्ति वा संस्था सम्झनुपर्छ।

(ङ) "धितोपत्र व्यापारी वा स्टक डिलर" भन्नाले धितोपत्र व्यवसायी (धितोपत्र दलाल तथा धितोपत्र व्यापारी) नियमावली, २०६४ को नियम २७ वमोजिमको कारोबार सदस्यलाई सम्झनुपर्छ।

(च) "नेप्से" भन्नाले नेपाल स्टक एक्सचेञ्ज लिमिटेड सम्झनुपर्छ।

(छ) "बोर्ड" भन्नाले ऐनको दफा ३ बमोजिम स्थापना भएको नेपाल धितोपत्र बोर्ड सम्झनुपर्छ।

(ज) "राफसाफ" भन्नाले कारोबार पश्चात खरिदकर्ताको नाममा धितोपत्र जम्मा गर्ने र विक्रीकर्ताको नाममा खर्च लेख्ने कार्य सम्झनुपर्छ।

(झ) "राफसाफ कोष" धितोपत्र कारोबार सञ्चालन विनियमावली, २०७५ को परिच्छेद-५ को व्यवस्था सम्झनुपर्छ।

कम्पनी सचिव

(ञ) "राफसाफ बैंक" भन्नाले राफसाफ कार्य गर्नेका लागि नेप्सेले तोकेको बैंक सम्झनुपर्छ ।

(ट) "राफसाफ सदस्य" भन्नाले सिडिएससीले राफसाफ तथा फछ्र्यौट कार्य गर्न सदस्यता प्रदान गरेको निक्षेप सदस्य सम्झनुपर्छ ।

(ठ) "सिडिएससी" भन्नाले केन्द्रिय निक्षेप सेवा नियमावली, २०६७ को नियम ७ अनुसार बोर्डबाट अनुमतिपत्र प्राप्त सिडिएस एण्ड क्लियरिङ्ग लिमिटेड सम्झनुपर्छ ।

(ड) "फछ्र्यौट" भन्नाले धितोपत्र खरिद कर्ता र बिक्रीकर्ता सदस्य बिच कारोबार सम्पन्न भई धितोपत्र तथा रकम लेनदेन गरिएको कार्य सम्झनु पर्दछ ।

## परिच्छेद-२

## कारोबार योग्य कम्पनी छनौट एवं चयन

**३. कम्पनी छनौट :** (१) नेप्सेले धितोपत्र व्यापारीहरुको लागि कारोबार योग्य कम्पनीहरुको नामावली वेभसाईट मार्फत सार्वजनिक गर्नेछ ।

(२) कारोबार योग्य कम्पनीको छनौट देहायका आधारमा गरिनेछ :

(क) विगत तीन वर्षदेखि नाफामा रहेको,

(ख) लगानीकर्ताहरुको संख्या कम्तिमा १० (दश) हजार रहेको,

(ग) चुक्ता पुंजी २० करोड रुपैयाँभन्दा वढी भएको,

(घ) विगत १ वर्षको कारोबार दिनमध्ये कम्तिमा ८० प्रतिशत दिनमा कारोबार भएको ।

(३) नेप्सेले प्रत्येक वर्ष कारोबार योग्य कम्पनीहरुको सूची अद्यावधिक गर्नेछ ।

**४. नामावली पेश गर्ने:** (१) नेप्सेले छनौट गरेका कम्पनीहरु मध्येबाट धितोपत्र व्यापारी आफुले धितोपत्र व्यापारीका रुपमा कारोबार गर्न चाहेको कम्पनीहरुको नामावली नेप्से समक्ष पेश गर्नु पर्नेछ ।

(२) नेप्सेले धितोपत्र व्यापारीबाट आएको कम्पनीको सूची आवश्यक देखेमा हेरफेर गरी कारोबार गर्ने अनुमति प्रदान गर्न सक्नेछ ।

(३) धितोपत्र व्यपारीले कारोबार गर्न चाहेको कम्पनीको नामावली हेरफेर गर्न चाहेमा नेप्सेलाई लिखित जानकारी गराई स्वीकृत गराउनु पर्नेछ ।

कम्पनी सचिव

(४) नामावलीमा समावेश नभएका कम्पनीहरुको धितोपत्र कारोबार गर्नु परेमा धितोपत्र व्यापारिले आफ्नो प्रणाली प्रयोग गर्न पाउने छैन । तर कुनै पनि सदस्य दलालमार्फत यस्तो कारोबार गर्न बाधा पर्ने छैन ।

## परिच्छेद- ३

## कारोबार प्रक्रिया

**५. कारोबार प्रणाली:** (१) कारोबार सदस्यले धितोपत्रको खरिद वा बिक्री कारोबार सञ्चालनका लागि नेप्सेले प्रदान गरेको स्वचालित विद्युतीय कारोबार प्रणालीको प्रयोग गरी कारोबार सञ्चालन गर्नुपर्नेछ ।

(२) धितोपत्र व्यापारीले आदेश व्यवस्थापन र जोखिम व्यवस्थापनका लागि नेप्सेले प्रदान गरेको वा नेप्सेले निर्धारण गरेको मापदण्ड अनुसार कारोबार सदस्य आफैंले विकास गरेको वा तेस्रो पक्षबाट खरिद गरेको स्वचालित विद्युतीय कारोबार प्रणाली प्रयोग गर्न सक्नेछ ।

(३) धितोपत्र व्यापारीले दैनिक रुपमा आफ्नो नेटवर्थको अधिकतम साठी प्रतिशत रकम सीमासम्म धितोपत्र  किनबेच गर्न सक्नेछ ।

**६.धरौटी राख्नु पर्ने :** (१) धितोपत्र व्यापारीले व्यापारिक प्रयोजनको लागि सूचिकृत धितोपत्रको कारोबार गर्न गराउन नेप्सेमा कम्तीमा ५० लाख रुपैयाँ नगद वा बैंक ग्यारेन्टी धरौटी राख्नु पर्नेछ ।

(२) धितोपत्र व्यापारीले धरौटी राखेको रकमबाट २५ गुणा सम्मको सिमाभित्र रही कारोबार गर्न पाउने छ ।

(३) धितोपत्र व्यापारीले राखेको धरौटी रकम कारोबार पश्चात हिसाब राफसाफ तथा फछ्र्यौट प्रयोजनको लागि प्रयोग गर्न पाउने छैन ।

**७. अधिकतम धितोपत्र मौज्दात सीमा :** (१) धितोपत्र व्यापारीले कारोबार गर्दा आफ्नो खुद पुँजी (नेटवर्थ) को ४ (चार) गुणाभन्दा बढी धितोपत्र मौज्दात नहुने गरी कारोबार गर्नु पर्छ ।

(२) धितोपत्र व्यापारीले कारोबार गर्दा अधिकतम धितोपत्र मौज्दात सीमा नाघेमा अर्को कारोबार दिनमा धितोपत्र बिक्री गरी बुँदा ७.१ मा तोकिएको सीमाभित्र बस्नुपर्छ । यसरी तोकिएको सीमाभित्र नआएसम्म धितोपत्र व्यापारीले खरिद आदेश प्रविष्ट गर्न पाउने छैन ।

कम्पनी सचिव

**८. कारोबार सञ्चालन :** (१) धितोपत्र व्यापारीले देहाय अनुसार कारोबार गर्नु पर्नेछ ।

क) धितोपत्र व्यापारीका लागि नेप्सेले दिएको विन्डोमा आफूले किनबेच गर्ने धितोपत्रको नाम, संख्या, मूल्य उल्लेख गरी आदेश प्रविष्टी गर्ने ।

ख) धितोपत्र व्यापार प्रयोजनका लागि खरिद विक्री गर्ने धितोपत्र व्यापारी कम्पनीको नाममा मात्र खरिद बिक्री गर्ने ।

ग) धितोपत्र व्यापारीको विन्डोबाट हुने सम्पूर्ण कारोबारलाई धितोपत्र व्यापारीको कारोबार मानिने ।

घ) एक धितोपत्र व्यापारीले प्रविष्ट गराएको आदेश अर्को धितोपत्र व्यापारीले प्रविष्ट गराएको आदेशसँग मिलान (म्याच) हुन सक्ने ।

ङ) सूचीकृत कम्पनीले व्यक्ति वा संगठित संस्थाले ग्रहण गर्न सक्ने अधिकतम सीमा तोकेको भए सो सीमा ननाघ्ने गरी कारोबार गर्ने ।

(२) धितोपत्र दलालको समेत अनुमतिपत्र प्राप्त धितोपत्र व्यापारीले ग्राहकको आदेशलाई पहिलो प्राथमिकता दिई धितोपत्रको खरिद वा बिक्री गर्नुपर्नेछ । यस्ता व्यवसायीले धितोपत्र दलाल र धितोपत्र व्यापारीको कारोबार कक्ष अलग अलग कोठामा राख्नु पर्छ ।

(३) धितोपत्र व्यापारीले एक पटकमा गर्ने सेयर खरिद बिक्रीको परिमाण देहायको चुक्ता पुँजी भएका कम्पनीको देहायभन्दा बढी हुने छैन :

(क) ८ अर्ब रुपैयाँ वा सो भन्दा वढी चुक्ता पुँजी भएको कम्पनीको ५०,००० कित्ता सम्म,

(ख) ५ अर्ब रुपैयाँभन्दा बढी र ८ अर्ब रुपैयाँभन्दा कम चुक्ता पुँजी भएको कम्पनीको ४०,००० कित्ता सम्म,

(ग) २ अर्ब रुपैयाँभन्दा बढी र ५ अर्ब रुपैयाँभन्दा कम चुक्ता पुँजी भएको कम्पनीको ३०,००० कित्ता सम्म,

कम्पनी सचिव

(घ) १ अर्ब रुपैयाँभन्दा बढी र २ अर्ब रुपैयाँभन्दा कम चुक्ता पुँजी भएको कम्पनीको २५,००० कित्ता सम्म,

(ङ) ५० करोड रुपैयाँभन्दा बढी र १ अर्ब रुपैयाँभन्दा कम चुक्ता पुँजी भएको कम्पनीको २०,००० कित्ता सम्म,

(च) २० करोड रुपैयाँभन्दा बढी र ५० करोड रुपैयाँभन्दा कम चुक्ता पुँजी भएको कम्पनीको १०,००० कित्ता सम्म,

(४) धितोपत्र व्यापारीले २० करोड भन्दा कम चुक्ता पुँजी भएको कम्पनीलाई नियमित कारोबारमा समावेश गर्न पाइने छैन ।

(५) धितोपत्र व्यापारीले जतिसुकै चुक्ता पुँजी भएको कम्पनीमा न्यूनतम १००० कित्ता भन्दा कम परिमाणको खरिद वा बिक्री आदेश प्रविष्टि गर्न पाइने छैन ।

(६) धितोपत्र व्यापारीले एक दिनभन्दा बढी बहाल रहने गरी प्रणालीमा खरिद बिक्री आदेश प्रविष्टि गर्न पाइने छैन ।

९. **कारोबार मूल्य र मूल्य परिवर्तन सीमाः** धितोपत्र व्यापारीले कारोबार गर्दा धितोपत्र कारोबार विनियमावलीमा उल्लिखित मूल्य सीमा भित्र रही कारोबार मूल्य अंकित/प्रविष्टि गर्नु पर्नेछ ।

१०. **अक्सन मार्केटमा सहभागी हुन पाउने :** धितोपत्र व्यापारीले नेप्सेले सञ्चालन गरेको अक्सन मार्केटमा धितोपत्र व्यापारिका लागि स्वीकृत प्राप्त कम्पनीहरुको धितोपत्र बिक्री गर्न पाउने छ ।

११. **मूल्य परिवर्तन सीमा लागू नहुने :** (१) नेप्सेले सञ्चालन गरेको अक्सन मार्केटमा धितोपत्र व्यापारीले धितोपत्र विक्री गरेमा उक्त कारोबारमा मूल्य परिवर्तन सीमा अक्सन मार्केटमा व्यवस्था भए बमोजिम हुनेछ ।

(२) सूचिकृत कम्पनीहरुले शिलवन्दी वा खामवन्दी वा अक्सनवाट धितोपत्र विक्री गर्दा धितोपत्र व्यापारीले सहभागिता जनाई धितोपत्र प्राप्त गरेमा सोको कारोबार नेप्से प्रणालीमार्फत गराउँदा मूल्य परिवर्तन सीमा लागू हुने छैन ।

कम्पनी सचिव

**१२. छुट्टाछुट्टै अभिलेख राख्नु पर्ने :** (१) धितोपत्र व्यापारीले सूचिकृत सेयर खरिद गर्दा संस्थापक तथा सर्वसाधारण समूहवाट खरिद बिक्री गरेको सेयरको अभिलेख छुट्टाछुट्टै राख्नु पर्नेछ ।

(२) धितोपत्र व्यापारीले खरिद गरेको सेयर जुन समूहको हो सोही समूहबाट बिक्री गर्नु पर्नेछ ।

**१३. राफसाफ गर्नु पर्ने :** (१) धितोपत्र व्यापारी आफुले गरे गराएको कारोबारको राफसाफ प्रचलनमा रहेको सिडिएससीको प्रणाली मार्फत गर्नुपर्नेछ । यस प्रयोजनका लागि धितोपत्र व्यापारीले सिडिएससीबाट राफसाफ सदस्यको अनुमति प्राप्त गर्ने वा अन्य कुनै राफसाफ सदस्यसँग सम्झौता गरी राफसाफ कार्य गर्न सक्नेछ ।

(२) धितोपत्र व्यापारीले राफासाफ प्रयोजनका लागि नेप्से वा सिडिएससीले तोकिदिएको राफसाफ बैंकमा खाता खोल्नु पर्ने छ ।

(३) धितोपत्र व्यापारीले आवश्यकता अनुसार राफसाफ कोषको समेत प्रयोग गर्न सक्ने छ ।

**१४. बाह्य कारोबारमा सहभागिता जनाउन सक्ने :** (१) धितोपत्र व्यापारीले सूचिकृत कम्पनीले जारी गरेको थप सेयर एवम् बिक्री नभएका हकप्रद सेयर खुल्ला बोलकबोल प्रथाद्वारा बिक्री गर्न प्रकाशित गरेको सूचनाको आधारमा आफ्नो खरिद मूल्य अंकित गरी सहभागिता जनाउन सक्नेछ ।

(२) धितोपत्र व्यापारीले बैंक तथा वित्तीय संस्थाले ऋण असुली प्रयोजनका लागि बिक्री गर्ने सेयरमा सहभागिता जनाउन सक्नेछ ।

**१५. हिसाब राख्नु पर्ने :** धितोपत्र व्यापारीले धितोपत्र व्यापार सम्बन्धी हिसाव, किताव एवम् लेखा छुट्टै राख्नु पर्नेछ । तर कम्पनीको हिसावसंग मिलान गरी एकिकृत वासलात र नाफा-नोक्सान हिसाव तयार गर्न भने यो व्यवस्थाले बाधा पुऱ्याएको मानिने छैन ।

## परिच्छेद-४

## धितोपत्र व्यापारीले पालना गर्नुपर्ने शर्तहरु तथा गर्न नहुने कार्यहरु

**१६. धितोपत्र व्यापारीले देहाय अनुसारका शर्तहरु पालना गर्नु पर्नेछ:**

(१) धितोपत्र व्यापारीले नेप्सेले तोकिदिए बमोजिम वा माग गरेको बखत आफुले आफ्नो नाममा खरिद बिक्री गरेका कम्पनीहरुको नाम, धितोपत्रको संख्या, कारोबार मूल्य आदिको विवरण,



कम्पनी सचिव

नेपाल सरकारलाई बुझाएको पूँजीगत लाभकर, बोर्ड दस्तुर, श्रोतमा कर कट्टीको विवरण, कर चुक्ता गरेको प्रमाण पत्र, हिसाब राफसाफ तथा फछ्र्यौट गर्न तोकिएको रकम तथा कागजातको विवरण पेश गर्ने,

(२) नेप्सेले तोकिदिए बमोजिमको नगद वा बैंक मौज्दात र अन्य तरल सम्पत्ति राख्ने,

(३) धितोपत्र कारोबार गर्न नियुक्त भएको प्रतिनिधि परिवर्तन गर्ने भएमा त्यसको सूचना तुरुन्त नेप्सेलाई दिने,

(४) बोर्ड र नेप्सेले निरीक्षण गर्न आउँदा आफुले गरेको लगानी सम्बन्धी विवरण तथा कागजात उपलब्ध गराउने,

(५) सम्पत्ति शुद्धीकरण निवारण सम्बन्धी प्रचलित नियम बमोजिम विवरण तथा प्रतिवेदनहरु तयार गरी उपलब्ध गराउने,

(६) बोर्ड र नेप्सेले समय-समयमा दिएको आदेश तथा निर्देशन पालना गर्ने ।

**१७. धितोपत्र व्यापारीले गर्न नहुने कार्यहरु :** धितोपत्र व्यापारीले देहायका कार्यहरु गर्नु हुदैन ।

(१) नेप्से तथा बोर्डको स्वीकृति बेगर कारोबार बन्द गर्ने,

(२) नेप्सेलाई झुठा वा भ्रामक सूचना वा विवरण दिने,

(३) नेप्सेको स्वीकृति नलिई आफ्नो कारोबारको सार्वजनिक रुपमा विज्ञापन गर्ने,

(४) बजार सञ्चालनको निमित्त बाधा पार्ने कार्य गर्ने,

(५) बजारलाई असर गर्ने गरी सूचना प्रवाह गर्ने,

(६) कारोबार गरिने धितोपत्रको कृत्रिम रुपमा मूल्य वृद्धि वा कमी गर्ने,

(७) कुनै पनि सूचिकृत कम्पनीले तोकेको भन्दा बढी सेयर ग्रहण गर्ने,

(८) नेप्सेको प्रणालीभन्दा बाहिर गएर धितोपत्र बिक्री गर्ने,

कम्पनी सचिव

(९) अख्तियार प्राप्त निकायले रोक्का गरेको धितोपत्रको कारोबार गर्ने,

(१०) झुट्ठा कारोबार गर्ने,

(११) अनुमति नलिई हाई फ्रिक्वेन्सि ट्रेडिङ वा अल्गोरिदममा आधारित कारोबार सञ्चालन गर्ने,

(१२) भित्री सूचनामा आधारित रहेर कारोबार गर्ने,

(१३) नेप्सेको कारोबार प्रणाली जोडिएको उपकरणहरुमा नेप्सेको प्रणाली, उपकरण, तथ्यांक एवं कारोबार प्रकृयालाई असर गर्ने गरी अन्य उपकरण वा सफट्वेर जडान गर्ने,

(१४) प्रचलित नेपाल कानून बिपरित हुने गरी अन्य कार्य गर्ने ।

## परिच्छेद -५

## विविध

**१८. कारोबार स्थगन गर्ने :** (१) धितोपत्र व्यापारीले गरेको कारोबार माथि शंका लागि छानविन गर्न आवश्यक देखिएमा नेप्सेले कारोबार स्थगन गर्न सक्नेछ । यसरी कारोबार स्थगन गरे पश्चात नेप्सेले सोको जानकारी बोर्डलाई दिनु पर्नेछ ।

**१९. सुपरिवेक्षण तथा अनुगमन गर्ने:** नेप्सेले धितोपत्र व्यापारीको कामकार्वाहीको निरीक्षण तथा अनुगमन गर्न सक्नेछ ।

**२०. नियमानुसार हुने:** यस कार्यविधिका व्यवस्था अतिरिक्त धितोपत्र व्यापारीले गरेको सम्पूर्ण कार्यहरुमा विद्यमान धितोपत्र सम्बन्धी ऐन, नियम, विनियमका प्रावधानहरु लागू हुनेछन् ।

**२१. संशोधन र व्याख्या:** यस कार्यविधिको संशोधन र व्याख्या गर्ने अधिकार नेप्से संचालक समितिमा निहित हुनेछ ।

कम्पनी सचिव

2066/08/08